

# बाल अधिकार

मलाई अफसोस लागिरहेछ
हरेक दिन
विद्यालय हिँडे पछि
बेलुका घर नआउन्जेल
मनमा सन्त्रास छाईरहन्छ
उता आमा भन्छिन् -
छोरी ! तँ घर नफर्किउन्जेल
आँखाभरी तेरै फोटो आईरहन्छ ।

बङ्करको बाटो भएर
कसरी पढ्न जानु होला ?
क्यान्टिनमा
बम बनाउँछन्
बारुद् बेच्छन्
भोक लाग्दा टिफिन के खानु होला ?

कहिले नेपाल बन्द छ
कहिले चक्का जाम छ
न पढाई छ
न लेखाई छ
खाली जुलुसमा जाने काम छ
कहिले हाँस्न पाईन्छ होला ?
देश जतासतै बदनाम छ
क्रान्तिले कसैको पेट भरिएन
शान्ति देउन दाजुहरु
हामी नानीहरुको प्रणाम छ ।

कन्चन घिमिरे
कक्षा-८ , ज्ञानोदय बाल वाटिका, सानेपा, ललितपुर